# साप्ताहिक समाचारपत्रिका

बैशाख २८ गते आईतबार अंक ९ वर्ष २

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल




## २८ बैशाख, २०७७

लमजुङ जिल्ला सामुदायिक अस्पतालमा अटोमेटिक फुट अपरेटेड ह्यान्ड वासिङ स्टेशनको स्थापना गरिएको छ । प्रगतिशील इन्जिनियरिङ एसोसिएसन नेपाल (पिन) लमजुङ र नेपाल इन्जिनियर्स एसोसिएसन (एनइए) गण्डकी प्रदेशले अस्पतालको गेटमा फलामबाट निर्माण गरेको खुट्टाद्वारा खुल्ने धारा र त्यसमाथि ट्यांकी जडान गरेर अस्पताल आउनेका लागि हात धुने व्यवस्था मिलाएको हो । गण्डकी प्रदेश सभा सदस्य धनञ्जय दवाडीले शुक्रबार उक्त स्टेशनको उद्घाटन गर्नुभएको हो ।






सुन्दरबजार अस्पताल, लमजुङमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा ज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख शम्भु ज्ञवाली लगायतको टोलीले न्युनतम सेवा मापदण्डको मध्यावधिक मूल्याङ्कन कार्यक्रम सम्पन्न गरेको छ । यसैगरी तनहुँ र लमजुङ जिल्लामा Gandaki Health Information Portal को अभिमुखीकरण कार्यक्रम पनि सम्पन्न भएको छ ।



आर्थिक वर्ष २०७७/७८ को स्वास्थ्य तर्फको कार्यक्रम तथा योजना निर्माण गर्नका लागि प्रदेश स्वास्थ्य तालिम केन्द्रमा आज एक बैठक सम्पन्न भएको छ । बैठकमा सामाजिक विकास मन्त्रालयका नीति, योजना, कानुन तथा जनस्वास्थ्य महाशाखाका प्रमुखज्यू, अस्पताल विकास महाशाखाका प्रमुखज्यू, स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य कार्यालय कास्की, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य निर्देशनालयका प्रतिनिधिहरु उपस्थित हुनुहुन्थ्यो ।



## २२ बैशाख, २०७७

तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्लास्तरीय कोरोना नियन्त्रण समन्वय समितिका अध्यक्ष बद्रीनाथ अधिकारीज्युको अध्यक्षतामा बसेको बैठकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रोटोकोल अनुसार तनहुँ जिल्लाका स्थानीय तहमा रहेका क्वारेन्टाइनस्थलमा बसेका व्यक्तिहरुलाई आवश्यक परामर्श प्रदान गर्न तथा व्यवस्थापन गर्नका लागी जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका चिकित्सक तथा स्वास्थ्यकमीहरुलाई खटाउने निर्णय गरेको छ ।

Nutrition Cluster को भर्चुअल बैठकमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका तर्फबाट प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) का संयोजक नवराज शर्माले सहभागिता जनाउनुभएको थियो ।

## २३ बैशाख, २०७७

माननीय सामाजिक विकास मन्त्रीज्यूको संयोजकत्वमा मन्त्रालयका सचिवज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका डा. प्रदीप के.सी. ज्यू, डा. सन्तोष के.सी.ज्यू, सामाजिक विकास मन्त्रालयका अस्पताल विकास महाशाखा प्रमुख डा. राम बहादुर के.सी ज्यू लगायतको उपस्थितिमा प्रदेशको हालको स्वास्थ्य अवस्था, कोभिड १९, डेङ्गु लगायत महामारीको अवस्थाका विषयमा छलफल र समीक्षा सम्पन्न भएको थियो ।

कुनैपनि व्यक्तिमा कोभिड - १९ संक्रमण देखिएमा संक्रमित व्यक्तिको सम्पर्कमा रहेका सबै जनाको पूर्ण विवरण संकलनका लागि Contact Tracing गर्नुपर्ने हुन्छ । उक्त कार्यका लागि EDCD द्वारा अद्यावधिक गरिएको Contact Interview Form (अनुसूची ३) गण्डकी प्रदेशका सम्पूर्ण स्वास्थ्य कार्यालय र जिल्ला अस्पतालहरुमा इमेल मार्फत पठाइएको छ । Contact Tracing सम्बन्धी अनलाइन अभिमुखीकरण यस अघि नै सम्पन्न भैसकेको छ ।




राष्ट्रिय क्षयरोग केन्द्र, सहयोगी संस्थाहरु र सात वटै प्रदेशका बीचमा अहिलेको अवस्थामा Case Finding र औषधी ढुवानी गर्ने विषयमा भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भएको छ ।

कोभिड - १९ को मध्यम, जटिल र अति जटिल केश व्यवस्थापनका लागि तोकिएका Level 2 अस्पतालको तयारी तथा Clinical Management मूल्याङ्कन सुदृढिकरण गर्नका लागी तयारी स्वरूप स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (HEOC), विश्व स्वास्थ्य संगठन (WHO), स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) को बीचमा भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भयो । त्यसैगरी यस कार्यका लागि अभिमुखीकरण प्रदान गर्ने मिति र आवश्यक पर्ने जनशक्तिको सहभागिताका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई जानकारी प्रदान गर्नुका साथै आवश्यक व्यवस्थापनका लागि अनुरोध गरियो ।

**साबुन पानीले हात मिचीमिची धोऔं . मास्क र स्यानीटाईजरको प्रयोग गरौं .**

बेनी अस्पतालमा Minimum Service Standard (MSS) को मध्यावधि मूल्यांकन गर्न तथा कोभिड - १९ सम्बन्धि सूचना संकलन गर्ने Online Reporting System को बारेमा स्वास्थ्य कार्यालय म्याग्दीमा अभिमुखीकरण प्रदान गर्नका लागि स्वास्थ्य निर्देशनालयको एक टोली म्याग्दी प्रस्थान गरेको थियो ।




बागलुङ स्थित धौलागिरी अंचल अस्पतालमा गोरखा वेलफेयर ट्रष्ट (GWT) ले PPE, Infrared Thermometer, Gloves, Mask लगायतका स्वास्थ्य सुरक्षा सामाग्री हस्तान्तरण गरेको थियो ।



प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले कोभिड - १९ रोग नियन्त्रण र रोकथामका लागी प्रकाशित सूचना अनुसार PPE लगायत सामग्री खरिद मा परेका बोलपत्रका साथ प्राप्त नमुना परिक्षण गर्नका लागि एक विज्ञ टोलीको गठन गरि स्वास्थ्य सुरक्षा सामाग्रीहरुको परिक्षण र मुल्याङ्कन कार्यको शुरुवात गरेको थियो । विज्ञ टोलीमा डा. डुक बहादुर क्षेत्रि, डा. मोनी सुवेदी, डा. राजीव लालचन, सपना सुवेदी र अशोक खनाल रहनुभएको थियो ।



लेखनाथ सामुदायिक लायन्स अस्पताललाई गण्डकी प्रदेश सरकारको स्वामित्वमा ल्याउनका लागि एक समिति गठन भएको थियो भने समितिले उक्त कार्यका लागि प्रतिवेदन लेखन कार्यको शुरुवात गरिसकेको छ । समितिमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोद बिन्दु शर्मा, सामाजिक विकास मन्त्रालयका बरिष्ठ स्वास्थ्य प्रशासक डा. राम बहादुर के.सी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उप-सचिव कृष्ण प्रसाद आचार्य, आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत विशाल तिमिल्सिना रहनुभएको थियो भने अस्पतालको तर्फबाट अस्पताल व्यवस्थापन समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र पो.म.पा वार्ड न. ३० का अध्यक्ष हुनुहुन्थ्यो ।



न्युनतम सेवा मापदण्डको (MSS) मध्यावधिक मुल्याङ्कन गर्न र कोभिड-१९ सम्बन्धि सूचना संकलन गर्ने सफ्टवेयरको अभिमुखीकरणका लागि हिंजो म्याग्दी पुगेको स्वास्थ्य निर्देशनालय पोखराको टोलीले बेनी अस्पतालमा अनुगमन तथा मुल्याङ्कन गरेको छ भने स्वास्थ्य कार्यालय म्याग्दीमा सफ्टवेयर सम्बन्धि अभिमुखीकरण तथा तालिम कार्यक्रम सम्पन्न भएको थियो । उक्त दुवै कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले समेत सहभागिता जनाउनुभएको थियो ।



प्रदेश न. ५ मा PCR परिक्षण गर्ने Reagent को अभाव भएपछि ६८ वटा संकलित नमुना पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परिक्षणका लागि ल्याइएको थियो ।



बैशाख २३ गते थप १४ जनाको PCR परिक्षणका लागि नमुना संकलन गरिएको थियो । त्यसदिनसम्म गण्डकी प्रदेशमा ६६० जनाको नमुना संकलन भएको थियो जसमा ६४४ जनाको परीक्षण परिणाम नेगेटिभ थियो भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको थियो र १४ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको थियो । त्यसैगरी गण्डकी प्रदेशमा ६१८९ जनामा RDT परिक्षण गरियो भने हेल्लो डाक्टर १०९२ मा ७८४ जनाले चिकित्सकीय परामर्श सहितको विशेषज्ञ सेवा लिएका थिए ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखरा

उपचार केन्द्र
एम्बुलेन्स सेवा
अद्यावधिक सेवा

कोभिड-१९ तथा अन्य संकामक रोग यस संग सम्बन्धीत गण्डकी प्रदेशको सम्पुर्ण जानकारीको लागी स्वास्थ्य निर्देशनालय पोखराको मोवाइल एप

"GANDAKI HEALTH"
डाउनलोड गर्नुहोस ।
Google Play





कोभिड - १९ को मध्यम, जटिल र अति जटिल केश व्यवस्थापनका लागि तोकिएका Level 2 अस्पतालको तयारी तथा Clinical Management मूल्याङ्कन सुदृढिकरण गर्नका लागी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिने स्व-मुल्याङ्कनका लागि अभिमुखीकरण कार्यक्रमको पुर्व तयारीका लागि विश्व स्वास्थ्य संगठन र गोरखा वेलफेयर ट्रष्टका प्रतिनिधि बीच एक बैठक सम्पन्न भएको थियो । बैठकले उक्त कार्यका लागि तयार गरिएको Questionnaire र Assessment Tool हरुको अध्ययन गर्दै सो सम्बन्धी पुर्व-अभ्यास समेत गरेको थियो ।

**२५ गते** Health Cluster Coordination को पाँचौं भर्चुअल बैठकमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले गण्डकी प्रदेशको कोभिड - १९ सम्बन्धि अद्यावधिक विवरण प्रस्तुत गर्नुभयो । उक्त अवसरमा उहाँले गण्डकी प्रदेश सरकारको मन्त्रीपरिषद बैठकले संघीय सरकारलाई गण्डकी प्रदेशमा सरुवा तथा संक्रामक रोग अस्पताल र प्रदेशस्तरीय शिक्षण अस्पताल स्थापना गर्नका निम्ति सशर्त अनुदानका लागी अनुरोध गर्ने, कोभिड - १९ संक्रमण नियन्त्रण र व्यवस्थापनका लागि खटिएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुका लागि प्रदेश सरकारले व्यवस्था गरेको बिमा, उपचार खर्च र भत्ता लगायतका सुविधाहरुको बारेमा जानकारी गराउनुभएको थियो । यसैगरी उहाँले गण्डकी प्रदेशका सबै जिल्लामा ICCU सेवा विस्तारका लागि प्रदेश सरकारले बजेट व्यवस्था गरेको विषयमा समेत प्रस्तुतीकरण गर्नुभएको थियो ।








विश्वभरी कोभिड १९ को महामारीको सन्त्रास व्याप्त भइरहेकै अवस्थामा नेपालका विभिन्न जिल्लाहरुमा अर्को महामारी थपिएको छ । हालै मात्र धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिकामा फैलिएको दादुरा खोपको महामारी फैलिंदै गएर गोरखाको गण्डकी गाउँपालिकामा समेत महामारी फैलिएपछि गण्डकी प्रदेशले यसको तुरुन्तै नियन्त्रण गर्ने प्रकृया अगाडि बढाएको छ । प्रदेश सरकार, प्रदेश निर्देशनालय, गोरखा जिल्ला, गण्डकी गाउँपालिका, परिवार कल्याण महासंघको आपसी छलफलबाट उक्त दादुरा खोपको महामारी फैलिन नदिन अति शिघ्र कदम चालिएको छ । गण्डकी गाउँपालिकामा दादुरा फैलिएको थाहा हुनासाथ प्रदेश र जिल्लाको टिम परिचालन भएको थियो । विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगबाट प्रभावित बालबालिकाको रगतको नमुना संकलन गरी प्रयोगशाला परिक्षणका लागी राष्ट्रिय जनस्वास्थ्य टेकुमा पठाइएकोमा नतिजा Measles Positive आइसकेपछि तुरुन्तै त्यसको नियन्त्रणको कार्यक्रम अगाडि बढाइएको छ । गण्डकी गाउँपालिका हालका र ८ वटै वडाहरुमा ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई दादुरा खोप दिने भइसकेको छ ।

सुक्ष्म योजना तयार भई वैशाख २६ गतेदेखि ९ महिना देखि ५ वर्ष सम्मका बालबालिकाको लागी महामारी नियन्त्रण स्वरुप खोप सञ्चालन हुदैंछ । वैशाख २६ देखि वैशाख ३१ सम्म सञ्चालन हुने खोप कार्यक्रम अर्न्तगत कुल ४३ वटा खोप केन्द्रबाट खोप केन्द्रबाट खोप सञ्चालन गरिनेछ । ९ देखि २३ महिनासम्मको ५५८ जना र दुई वर्ष देखि ५ वर्षसम्मको ११४९ गरी कुल १७०७ को संख्यामा रहेको लक्षित बालबालिकाको लागी भोलीदेखि खोप सञ्चालन हुदैंछ । कोभिड १९ को महामारी रहेको बेला व्यक्ति व्यक्तिको दुरी कायम गर्दै भएको प्रकोप नियन्त्रण र बचावट गर्दै प्रभावकारी खोप दिन पर्ने हुनाले गाउँपालिकाको सबै तहका निर्वाचित पदाधिकारीहरु, सरोकारवाला संघसंस्थाहरु, शिक्षकहरुको सहयोगमा स्वास्थ्यकर्मीबाट सो कार्यक्रम सञ्चालन हुदैंछ । स्वास्थ्यकर्मीहरुलाई आवश्यक पिपिईको व्यवस्था स्थानीय निकायले नै गरेको छ भने त्यसको निरिक्षण र सहभागिता सुपरिवेक्षणको उचित व्यवस्था मिलाई सकेको छ । शीघ्र महामारी नियन्त्रणको लागी चालिएको यस किसिमको महामारी प्रतिक्रिया खोप (Outbreak Response Immunization) खोप कार्यक्रमले उक्त रोग अन्यत्र नियन्त्रण गर्न सकिने छ र महामारी नियन्त्रणमा सफलता हुने विश्वास लिइएको छ ।





## २६ वैशाख, २०७७





INF Nepal ले स्वास्थ्य निर्देशनालयलाई २५ सेट PPE हस्तान्तरण गरेको थियो।

Nutrition Cluster र Health Partners को बैठकमा स्वास्थ्य निर्देशनालयको तर्फबाट निर्देशक डा. विनोद विन्दु शर्माले सहभागिता जनाउनुभयो ।





स्वास्थ्य निर्देशनालयका कर्मचारीहरुलाई कोभिड - १९ सम्बन्धि अनलाइन डाटा संकलन प्रणाली र Mobile Application "Gandaki Health" को बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो ।



**कोभिड – १९ को मध्यम, जटिल र अति जटिल केश व्यवस्थापनका लागि तोकिएका Level 2 अस्पतालको तयारी तथा Clinical Management मूल्याङ्कन सुदृढिकरण पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सम्पन्न भयो । कार्यक्रमको सहजीकरण विश्व स्वास्थ्य संगठनकनका तर्फबाट डा. राजीव लालचन र भानु याङदेनले गर्नुभएको थियो भने गोरखा वेलफेयर ट्रष्टको समेत सहभागिता रहेको थियो ।**

**तनहुँका १० स्थानीय तहका प्रतिनिधिहरुलाई COVID-19 सम्बन्धि रिपोर्टिंग प्रणाली, TB Drug को स्टक, डेंगु रोग तथा DHIS 2 सम्बन्धि स्वास्थ्य निर्देशनालयबाट खटिएको टोलीले अभिमुखीकरण प्रदान गरेको थियो । साथै कार्यक्रममा ART counselor, HIV Focal person, NCASC र HIV सम्बन्धी partner agency हरु बीच विभिन्न विषयमा भर्चुअल बैठक समेत सम्पन्न भएको थियो ।**



गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR / RDT समेत) सम्बन्धित बैशाख २८ गते (४ बजे सम्म) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण :

| जिल्ला | क्वारेन्टाइन | | | आइसोलेसन | | विदेशबाट आएकाका संख्या | RDT किटबाट गरिएका परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | बेड | बसेका | | | | | | |
| कास्की | 10 | 305 | 11 | 70 | 0 | 774 | 1210 | 227 | 224 | 0 | 3 |
| स्याङजा | 36 | 635 | 74 | 10 | 0 | 601 | 820 | 105 | 105 | 0 | 0 |
| तनहुँ | 28 | 201 | 12 | 42 | 0 | 848 | 622 | 22 | 22 | 0 | 0 |
| लमजुङ | 75 | 990 | 88 | 18 | 0 | 288 | 276 | 53 | 53 | 0 | 0 |
| गोरखा | 52 | 415 | 25 | 27 | 0 | 436 | 675 | 29 | 28 | 0 | 1 |
| पर्वत | 96 | 251 | 21 | 20 | 0 | 364 | 373 | 92 | 91 | 0 | 1 |
| म्याग्दी | 30 | 357 | 140 | 6 | 0 | 214 | 365 | 16 | 16 | 0 | 0 |
| बाग्लुङ | 42 | 335 | 15 | 16 | 1 | 912 | 1127 | 76 | 74 | 2 | 0 |
| नवलपुर | 61 | 872 | 21 | 16 | 0 | 918 | 938 | 71 | 71 | 0 | 0 |
| मनाङ | 9 | 93 | 25 | 7 | 0 | 3 | 41 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ | 12 | 97 | 0 | 3 | 0 | 25 | 37 | 1 | 1 | 0 | 0 |
| **जम्मा** | 451 | 4551 | 432 | 235 | 1 | 5383 | 6484 | 695 | 688 | 2 | 5 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**